ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ ।

एडी

कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट

एल.एन.चौक

(त्रिनगर स्कुल गेट अगाडि)

मो.नं.: ९८४८४५५०८३



नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com



यो ठाउँ विज्ञापनको लागि खाली छ ।



कांग्रेस र रास्वपाको सत्तामोहले कमजोर बनेको प्रतिपक्षी बेञ्च ②

पुरैनी तालमा घट्दै जलपंक्षी ③

पौडेल र नेम्बाङले दिए राष्ट्रपतिमा उम्मेदवारी ④



वर्ष २१ अंक १९० वि.सं. २०७९ फागुन १४ गते आइतबार (Feb. 26 Sunday 2023) मुल्य रु. ४/- पेज -४


# फागुन २० भित्रै विश्वासको मत लग्ने तयारीमा मुख्यमन्त्री शाह



**पोष्ट संवाददाता**

धनगढी । दोश्रो पटक काठमाण्डौं गएका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाह विश्वासको मत पाउने शुनिश्चितता सहति आज (आइतबार) धनगढी फर्कन लागेका छन् । उनले फागुन २० गते भित्रै विश्वासको मत लग्ने तयारी समेत गरेको बुझिएको छ ।

मुख्यमन्त्रीमा नियुक्त भएको दुई दिन पछि काठमाण्डौं गएका शाहले सो क्रममा नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी सहति नेता कार्यकर्तासंग भेट गरेका थिए । तर विश्वासको मत पाउने शुनिश्चितता भने सो क्रममा हुन सकेको थिएन ।

शाह यही फागुन ११ गते पुनः काठमाण्डौं गएका थिए । यस क्रममा भने उनि ढुक्क संग विश्वासको मत पाउने शुनिश्चितताका साथ सुदूरपश्चिम प्रदेश फर्किन लागेका छन् । 'उहाँले अव फागुन २० गते भित्रै विश्वासको मत लग्ने गरी तयारी थाल्नु भएको छ, कांग्रेसका एक प्रदेश सभा सदस्यले भने, 'त्यसका लागि छिट्टै प्रदेश सभा बैठक आह्वा गर्ने तयारी पनि गरिएको छ ।'

'मुख्यमन्त्री ज्यूलाई विश्वासको मत पाउन अव कुनै सकस हुनेछैन,' सुदूरपश्चिम प्रदेश सरकारमा सहभागि भएको नेकपा एकिकृत समाजबादी पार्टीका कैलाली संयोजक दिर्घ सोडारीले भने, 'हामी करिव दुई तीहाइ मतका साथ सरकार सञ्चालन गर्ने छौं, अव यो सरकार दिगो पनि हुने छ ।'

नेकपा माओबादी केन्द्रका प्रदेश कमिटि सदस्य तथा प्रदेश सभा सदस्य रमेस सिंह धामीले पनि अव सुदूरपश्चिम प्रदेश सुरकारलाई विश्वासको मत पाउन सकस नहुने बताए ।

राष्ट्रपति निर्वाचनका लागि केन्द्रमा ८ दलीय गठबन्धन बनेको बताउँदै प्रदेश सभा सदस्य धामीले सोही गठबन्धनको जोडबलमा अव प्रदेशमा पनि सरकार बन्ने बताए । तर यही सरकारलाई विश्वासको मत दिने वा अर्को मुख्यमनत्री बनाउने भन्ने निर्णय अहिलै नभइसकेको बताए । चुनाव अघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सुदूरपश्चिमको मुख्यमन्त्री माओबादी केन्द्रका प्रदेश इन्चार्ज खगराज भट्टलाई बनाउने वाचा गरेको तर्फ इङ्गित गर्दै उनले त्यसका लागि छलफल हुन सक्ने बताए ।

राष्ट्रपति निमर्वाचनका लागि केन्द्रमा नेपाली कांग्रेस, नेकपा एस र नेकपा माओबादी केन्द्र सहितको गठबन्धन बनेपछि सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमल शाहले सजिलै विश्वासको मत पाउने परिस्थिती बनेको हो ।

सुदूरपश्चिम प्रदेश सभामा नेपाली कांग्रेस संग १९, नेकपा माओबादी केन्द्र संग ११, नेकपा एस संग ४ जना प्रदेश सभा सदस्य रहेका छन् । तीन वटै दल मिलेर सरकार बनेको स्थितीमा पनि सुदूरपश्चिम प्रदेश सभामा सरकारसंग ३४ जना प्रदेश सभा सदस्य हुने छन् । जुन सम्मान जनक बहुमत हो । सुदूरपश्चिम प्रदेशमा सरकार बनाउन आवश्यक पर्ने बहुमत संख्या २७ हो ।

केन्द्रमा बन्ने नयाँ शत्ता समिकरणमा नागरिक उन्मुक्ति पार्टी पनि सहभागि भएको छ । केन्द्र संगै प्रदेशमा पनि नागरिक उन्मुक्ति पार्टी सहभागि रहेको अवस्थामा मुख्यमन्त्री शाह दुई तीहाई मत नजिक पुग्ने छन् ।

तर प्रदेश सरकारमा सहभागि हुने वा नहुने भन्ने बारेमा अहिले सम्म कुनै सहमति नभएको नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता रामेश्वर चौधरी बताउँछन् । 'प्रदेश सरकारलाई विश्वासको मत दिने वा नदिने भन्ने बारेमा अहिलेसम्म कुनै छलफल भएको छैन,' संसदीय दलका नेता चौधरीले भने, 'आगामी दिनमा पार्टीले जे निर्णय गर्छ त्यसै अनुसार अघि बढ्ने छौं ।'

केन्द्रमा शत्ता गठबन्धन फेरिदा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहलाई विश्वासको मतका लागि नागरिक उन्मुक्ति पार्टीकै भर पर्नुपर्ने बाध्यता भने हटेको छ ।

सुदूरपश्चिम प्रदेशमा कुनै पनि दल संग स्पष्ट बहुमत नहुँदा प्रदेश प्रमुख देशराज जोशीले पुस २० गते संविधानको धारा १६८को उपधारा २ अनुसार दुई वा दुई भन्दा बढी दलको समर्थन जुटाएर मुख्यमन्त्रीमा दावि पेश गर्न आह्वान गरेका थिए ।

प्रदेश प्रमुखको आह्वान अनुसार नेकपा माओबादी केन्द्रका ११, नेकपा एमालेका १०, नागरिक उन्मुक्ति पार्टीका ७ र राप्रपाका एक जना गरी २९ प्रदेश सभा सदस्यको समर्थन सहति एमाले संसदीय दलका नेता राजेन्द्र रावलले पुस २७ गते मुख्यमन्त्रीका लागि दावि पेस गरेका थिए ।

मुख्यमन्त्री चयन प्रक्रियामा रावललाई समर्थन जनाएपनि ७ जना प्रदेश सभा सदस्य रहेको नागरिक उन्मुक्ति पार्टीले आफ्ना माग पुरा नभएको भन्दै रावललाई विश्वासको मत दिएन । नागरिक उन्मुक्ति पार्टीबाट विश्वासको मत नपाएपछि अल्पमतमा परेका रावलले माघ २६ गते प्रदेश प्रमुख देवराज जोशी समक्ष राजीनामा पत्र बझाएका थिए ।

रावलले विश्वासको मत नपाएपछि संविधानको धारा २६८ को उपधारा ३ को व्यवस्था अनुसार प्रदेश सभाको ठुलो दलको हैसियतमा नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता कमल शाहले माघ २६ गते नै प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीमा दावि पेश गरेका थिए ।

संविधानतः प्रदेश प्रमुख देवराज जोशीले मुख्यमन्त्रीमा शाहलाई नियुक्त गरेपनि केन्द्रीय शत्तासमिकरणका कारण उनलाई पनि विश्वासको मत पाउन सकस हुने निश्चित थियो । प्रदेशमा आफु निर्णायक रहेको फाइदा उठाउँदै नागरिक उन्मुक्ति पार्टीले आफ्ना माग पुरा नभएसम्म विश्वासको मत नदिने अडान राखेको थियो ।

माओबादी केन्द्र पनि केन्द्रिय शत्तासमिकरणका कारण शाहलाई विश्वासको मत दिन नसक्ने अवस्थामा रहेको थियो । जसका कारण फागुन पहिलो सातामै विश्वासको मत लग्न चाहेका मुख्यमन्त्री कमल शाहले तत्काल त्यो सम्भव नदेखेपछि विश्वासको मत लग्ने मिति समेत सारेका थिए ।

तर शुक्रबार केन्द्रमा चुनाव अघिकै गठबन्धन विउताउने सहमति भएसंगै सुदूरपश्चिममा पनि मुख्यमनत्री शाहलाई सजिलै विश्वासको मत पाउने वातावरण बन्ने देखिन्छ ।

# क्यान इन्फोटेकको ९० प्रतिशत तयारी पुरा




**पोष्ट संवाददाता**

धनगढी । धनगढीमा आयोजना हुन गइरहेको सूचना प्रबिधि मेला (क्यान इन्फोटेक) २०२३ को तयारी अन्तिम चरणमा पुगेको छ । इन्फोटेकको मुख्य प्रायोजकमा नेपाल दुर संचार प्राधिकरण र एशोसियटमा नेपाल टेलिकम रहेका छन् ।

फागुन १६ गते देखि २० गतेसम्म सञ्चालन हुन गइरहेको क्यान इन्फोटेकको दोश्रो संस्करणको ९० प्रतिशत तयारी पुरा भैसकेको क्यान इन्फोटेकका निर्देशक टेकराज पनेरु पप्पुले बताए । "तयारीका अधिकांश कामहरु पुरा भैसकेका छन् ।" निर्देशक पनेरुले भने "बाह्रय तयारी सबै भैसकेको छ । अब इन्फोटेकको भित्री तयारीका केही काम मात्र बाकी छन् ।"

संचार तथा प्रविधि क्षेत्रमा बिकास भएका नया नया प्रविधि प्रदर्शनी तथा यस क्षेत्रको बिकासका लागि आवश्यक रणनीति निर्माणका लागि सार्थक अन्तरक्रिया गर्ने उदेश्यले इन्फोटेक आयोजना भैरहेको छ । सुचना प्रविधि सम्वन्धी चासो राख्नेहरुका लागि सुचना प्रविधिको क्षेत्रमा बिकास तथा प्रयोगका बारेमा जानकारी लिने बिशेष थलो हुन सक्दछ । इन्फोटेक सुचना तथा संचार प्रविधि क्षेत्रका कम्पनीहरुलाई आफ्नो बिचार तथा प्रविधिको बारेमा सरोकारवालाहरुका् आवश्यकता थाहा पाउने, बजार सर्वेक्षण गर्ने, नया उत्पादन सार्वजनिक गर्ने, ग्राहकसँग आपसी सम्वन्ध स्थापना गर्नेमा महत्वपुर्ण हुने निर्देशक पनेरु, मुल संयोजक नरेश सिंह धामी र क्यान अध्यक्ष यज्ञराज ओझाद्धारा संयुक्त रुपमा प्रकाशित बिज्ञप्तिमा उल्लेख छ ।

क्यान कैलालीका अध्यक्ष यज्ञ राज ओझाका अनुसार इन्फोटेकमा नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को सुविधा सम्पन्न मोबाइल बसमा बिभिन्न सेमीनारका बारेमा जानकारी गराइने छ ।

अध्यक्ष ओझाका अनुसार इन्फोटेकमा ७० वटा स्टलबाट बिभिन्न कम्पनी, संस्थाहरुलाई आमन्त्रण गरेर नयाँ प्रविधिको प्रदर्शनी गरिनेछ । सुदुरपश्चिमका नौ वटै जिल्लालाई समेटेर ८० हजारदेखि १ लाख दर्शकलाई अवलोकन गराउने लक्ष्य क्यानले गरेको बिज्ञप्तिमा उल्लेख छ ।

इन्फोटेकममा आइटी सेमीनार आयोजना गरिनेछन् भने प्रविधिको प्रदर्शन गर्ने संस्थालाई पुरस्कृत गरिनेछ अनलाइन प्रदर्शन गरिनेछ ।

मुल संयोजक धामीका अनुसार सूचना प्रबिधि मेलामा साइबर सुरक्षाबारेमा पनि जानकारी गराइने छ । 'पछिल्लो समय सामाजिक सञ्चालनदेखि सरकारी वेभ सर्भरमा साईबर आक्रमण हुन थालेको छ,' धामीले भने, 'त्यसबाट कसरी बच्ने र सुरक्षाका उपाय कसरी अपनाउने भन्ने बारेमा सूचना प्रबिधि मेलामा जानकारी गराइने छ ।'

प्रबिधिको प्रयोगसंगै बालबालिकाहरु मोबाइल तथा कम्प्यूटरमा बढी समय व्यतित गर्ने गरेको अवस्थामा उनीहरुलाई गलत बाटोमा जानबाट कसरी रोक्ने भन्ने बारेमा पनि मेलामा जानकारी गराइने इन्फोटेक २०२३ का निर्देशक पनेरुले बताए । 'अहिले बालबालिकाले धेरै समय मोबाइल र कम्प्यूटरमा विताउने गरेका छन्,' उनले भने, 'बालबालिकाले त्यसमा**(बाँकी ३पेजमा)**

# बैंक तथा वित्तीय संस्था बिरुद्ध थप आन्दोलन गर्दै व्यवसायी

**पोष्ट संवादाता**

धनगढी । बैंक तथा वित्तीय संस्थाले बढाएको चर्को ब्याजदर घटाइनु पर्नेमाग राख्दै आन्दोलित भएका व्यवसायीले आगामी दिनमा थप आन्दोलनका कार्यक्रम गर्ने भएको छ ।

शनिवार नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेशको अगुवाईमा बैंक ब्याजदर विरुद्ध कार्यतालिका नै निर्माण गरेर चरणबद्ध रुपमा विरोध गर्ने निर्णय गरिएको छ । कैलाली उद्योग वाणिज्य संघ, कञ्चनपुर, टीकापुर, अत्तरिया, पुनर्वास, बेलौरी, शुक्लाफाँटा तथा गौरीगंगा उद्योग वाणिज्य संघले बैंक वित्तीय संस्थाको चर्को ब्याजदर विरुद्ध संघर्षका रणनीति निर्माण गर्न धनगढीमा छलफलको आयोजना गरिएको हो ।

सुदूरपश्चिमका नौवटै जिल्लाबाट बैंक ब्याजदर विरुद्धका कार्यक्रम अघि बढाउन आगामी संघर्षका कार्यक्रम तय गरिएको छ । धनगढीमा **(बाँकी ३ पेजमा)**


## कर्मचारी आवश्यकता

यस आस्था कटेजका लागि कर्मचारीको आवश्यकताभएकोले इच्छुक योग्य व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**कुक :** १ जना

**वेटर :** १ जना

**नोट :** सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

सम्पर्क :

**आस्था कटेज**

धनगढी-५, हसनपुर पिपलचौतारा

मो.नं. : ९८५८४२६३१९

छोरा र छोरी बिच भेदभाव नगरौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल दूरसञ्चार प्राधिकरण
NEPAL TELECOMMUNICATIONS AUTHORITY

CAN Info-Tech 2023
2nd Sudurpashchim Information, Technology, Entertainment & Conference
in association with राष्ट्रको सञ्चार NEPAL TELECOM

मिति : १६-२० फागुन, २०७९ (२८ फेब्रुअरी - ४ मार्च, २०२३)
स्थान : सौंराइ स्क्वायर, चटकपुर, धनगढी
विभिन्न अफरहरुका साथ सूचना प्रविधि प्रदर्शनी सुरु हुँदैछ ।
प्रवेश नि:शुल्क

ORGANIZER: CAN Federation Kailali
TITLE SPONSOR: नेपाल दूरसञ्चार प्राधिकरण NEPAL TELECOMMUNICATIONS AUTHORITY (NTA)
ASSOCIATE SPONSOR: राष्ट्रको सञ्चार NEPAL TELECOM
PLATINUM SPONSOR: acer, Mercantile Office Systems Pvt. Ltd., Info Developers
DIAMOND SPONSOR: छिटो भनेकै WORLDLINK, Ruijie Reyee
SECURITY PARTNER: alhua TECHNOLOGY
EDUCATION PARTNER: SPA, NAST COLLEGE
GOLD SPONSOR: Canon IEC, PANTUM, HIKVISION, K7 SECURITY, N-BATT BATTERIES, DishHome FIBERNET, ASIAN BATTERIES PVT. LTD., LUMINOUS, S-POWER
TICKETING PARTNER: PayWell
ELECTRONICS PARTNER: HYUNDAI ELECTRONICS, CG inspiring Life
INSURANCE PARTNER: AJOD INSURANCE LTD.
OFFICIAL BANK: HBL Himalayan Bank Ltd.
HOSPITAL PARTNER: MAYA METRO HOSPITAL Pvt. Ltd. माया मेट्रो हस्पिटल प्रा.लि.
SUPPORTED BY: MOSD, DAO, DSMC, KCCI, JCI DHANGADHI, सौंराइ SQUARE, CAN Federation Farwest, CAN Federation

# कांग्रेस र रास्वपाको सत्तामोहले कमजोर बनेको प्रतिपक्षी बेञ्च

सरोज गौतम/दिव्येश गिरि
सरोज गौतम/दिव्येश गिरि

सरकारले माघ १६ गते शहीद दिवसमा नदिएको बिदा फागुन १ गते 'जनयुद्ध' दिवसको नाममा दियो । उक्त सरकारी निर्णयबारे सामाजिक सञ्जालमा अनेक खालका प्रतिक्रिया देखिए । तर कुनै पनि ठूला राजनीतिक दलले त्यसको संस्थागत विरोध गरेनन् ।

नेकपा एमाले स्वयं सरकारमा भएकोले त्यसको विरोध गर्न सकेन । राजतन्त्रको वकालत गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सत्तामा रहिरहन उक्त निर्णयको विरोध गरेन । स्वयं कांग्रेस र रास्वपा लगायत सबै मुख्य दल चुपचाप रहे । यो त एउटा उदाहरण मात्रै हो, प्रमुख प्रतिपक्षी नहुँदा सरकारले गर्ने कार्यकारी शक्तिको अति प्रयोगलाई रोक्ने शक्ति बाँकी रहँदैन ।

अहिलेको संसद प्रतिपक्षीविहीन बनेको छ । कानुनी हिसाबले नेपाली कांग्रेस प्रतिपक्षी बने पनि उसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको र राष्ट्रपति चुनावमा सरकारमा सम्मिलित दलहरूबीच असमझदारी बढाउन र राष्ट्रपतिको चुनावमा राष्ट्रपतिको च्याँखेदाउ थापेसँगै उसले राजनीतिक हिसाबले प्रतिपक्षीको हैसियत गुमाएको छ ।

उता, रास्वपा आफ्ना सभापति रवि लामिछानेलाई अदालतले नागरिकता मुद्दामा दोषी ठहर गर्‍यो । उनले पुनः नागरिकता प्राप्त गर्नासाथ गृहमन्त्रीमा दावी गरिहाले । जबकि उनको सांसद पद अदालतको फैसलासँगै खोसिएको थियो ।

दिनकै बालकोट र बालुवाटारको दौडधुप मात्र गरिरहेका लामिछाने र रास्वपाले सरकार छाड्नुपरे पनि गठबन्धन छाडेन । यसको अर्थ उसलाई जसरी पनि सत्तामा रहनुछ । सांसद नरहे पनि पार्टी सभापति सहित नै सत्तामा जानुछ र त्यो पनि गृह मन्त्रालय नै लिएर ।

एमाले त स्वयं सत्ताधारी दल नै भयो । यस हिसाबले हाम्रो संसदमा प्रतिपक्षी पार्टी नै छैनन् । लोकतन्त्रमा रचनात्मक प्रतिपक्षीको भूमिका त्यसै परिकल्पना गरिएको होइन । बलियो र रचनात्मक प्रतिपक्ष विना त लोकतन्त्रले कामै गर्दैन र राजनीतिले गलत बाटो लिन सक्छ ।

यसले सरकारलाई नागरिक समाज र मिडिया जस्ता महत्वपूर्ण पक्षमाथि नियन्त्रण कायम गर्न उक्साउँछ । यसले चिरकालसम्म लोकतन्त्रलाई अस्वस्थ बनाउँदै हानि समेत पुर्‍याउँछ ।

**लोकतन्त्रमा प्रतिपक्षको परिकल्पना**

लोकतन्त्र आफैंमा विविधतालाई सम्बोधन गर्ने व्यवस्था हो । समाजमा विद्यमान फरक-फरक विचारबीचमा स्वस्थ प्रतिस्पर्धा हुन्छ । यही प्रतिस्पर्धाको बीचमा न्यूनतम सहमति कायम गर्न सक्ने शक्तिले सत्ताको अभ्यास गर्दछ भने अल्पमतले प्रमुख प्रतिपक्षीको भूमिका निभाउँछ र लोकतन्त्र गतिशील हुन्छ ।

यस्तो व्यवस्थामा फरक-फरक विचारले उठ्ने मौका पाउँछन् । किनकि तिनीहरू सुनिन्छन् । यही मान्यता सहित लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्ष दुवै खालका शक्तिको उपस्थिति परिकल्पना गरिएको हो ।

स्वस्थ लोकतन्त्रमा विपक्षी दलले नियन्त्रण र सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । प्रतिपक्षले फरक विचार र दृष्टिकोणको लागि मञ्च प्रदान गर्दछ, सत्तारुढ दललाई जवाफदेही बनाउँछ । सरकारले जनताको हितमा कति काम गरिरहेको छ, सूक्ष्म अवलोकन गर्दछ । यसरी सरकारलाई नियन्त्रणमा राख्ने र शक्तिको अनावश्यक एकीकरणलाई रोक्न प्रतिपक्षले निगरानी गर्ने काम गर्छ ।

प्रतिपक्षी दलले अल्पमतको दृष्टिकोणको प्रतिनिधित्वसहित काम गर्छ । लोकतन्त्रमा बहुमतसँग निर्णय गर्ने अधिकार हुनसक्छ, तर अल्पसंख्यकको दृष्टिकोण पनि सुन्नुपर्छ र विचार गर्नुपर्छ । प्रतिपक्षले अल्पसंख्यक समूहका सरोकारहरूलाई आवाज दिन सक्छ र उनीहरूको अधिकार र हितको वकालत गर्न सक्छ ।

सत्तारुढ दल अति शक्तिशाली वा भ्रष्ट भएमा प्रतिपक्षले परिवर्तनको माग गर्न जनमतलाई परिचालन गर्न सक्छ । यसमा शान्तिपूर्ण विरोध, हड्ताल वा नागरिक अवज्ञाका अन्य रूपहरू समावेश हुन सक्छन् । सरकारलाई जवाफदेही बनाएर प्रतिपक्षले लोकतान्त्रिक संस्थाको पतन रोक्न र जनताको अधिकारको रक्षा गर्न मद्दत गर्न सक्छ ।

विपक्षी दलहरूले स्वस्थ राजनीतिक संस्कृतिको विकास गर्न मद्दत गर्न सक्छन् । लोकतन्त्रमा स्वस्थ विचारको आदानप्रदान र खुला बहस हुनुपर्छ । सत्तारुढ दलको विचार र नीतिलाई चुनौती दिने परिप्रेक्ष्य प्रतिपक्षले दिन सक्छ । यसले अझ बलियो राजनीतिक बहस निम्त्याउन सक्छ र 'इको चेम्बर' मानसिकतालाई रोक्दै विविध विचार र दृष्टिकोण आउने वातावरण सुनिश्चित गर्न मद्दत गर्दछ ।

बलियो प्रतिपक्षको अर्थपूर्ण उपस्थितिले राजनीतिक विभाजन न्यूनीकरण गर्दै एकता बढाउन मद्दत गर्न सक्छन् । लोकतन्त्रमा गहिरो राजनीतिक विभाजन र ध्रुवीकरण हुनसक्छ । प्रतिपक्षले साझा आधार खोज्न र विभिन्न समूहबीचको सहयोगलाई प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ ।

संसारभरिको संसदीय या अन्य लोकतन्त्रको उदाहरण हेर्‍यो भने पनि त्यसले प्रतिपक्षीको महत्व दर्साइरहेको हुन्छ । बेलायतको संसदीय लोकतन्त्रको लामो इतिहास छ । त्यहाँ विपक्षी दलले सरकारका नीतिहरूमाथि प्रश्न उठाउँदै सरकारलाई जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्छन् ।

पछिल्ला वर्षहरूमा विपक्षी लेबर पार्टीले ब्रेक्जिट, सार्वजनिक खर्च र कल्याणकारी आर्थिक सहायता जस्ता मुद्दाहरूमा कन्जरभेटिभ सरकारका नीतिहरूको विरोध गर्न विशेष भूमिका खेलेको छ ।

कोभिडको विषयमा भएको हेलचेक्र्याईंदेखि अन्य महत्वपूर्ण विषयमा विपक्षीले खेलेको भूमिका र दबावले सत्तापक्ष हुने एकलौटी म्यान्डेट पाएको कन्जरभेटिभ पार्टीले समेत प्रधानमन्त्रीमा नयाँ अनुहार ल्याउन बाध्य भएको थियो । जर्मनीको ग्रीन पार्टीले पर्यावरण नीति र नवीकरणीय ऊर्जाको वकालत गरेर परम्परागत राजनीतिक दलहरूलाई यी मुद्दाहरूलाई अझ गम्भीरतापूर्वक लिन दबाव सृजना गरिरहेको छ ।

विपक्षी दलहरूले राजनीतिक परिवर्तनको लागि उत्प्रेरकको रूपमा काम गर्न सक्छन् । कतिपय समाज र समुदायमा सत्तारुढ दलले गहिरो विभाजन सृजना गर्‍यो भने त्यसलाई कम गर्दै सच्याउन भूमिका खेल्न सक्छन् । भारतीय कंग्रेसले हालसालै गरेको 'भारत जोडो' यात्रा यसको एउटा बलियो उदाहरण हो ।

साम्प्रदायिक झगडाले विभिन्न अल्पसंख्यक समूहले आफ्नो राजनीतिक अभिभावक गुमाएको महसुस गरिरहेका बेला भारतीय कंग्रेसले सञ्चालन गरेको उक्त लामो पदयात्राले अल्पसंख्यक समूहलाई पनि आफ्नो आवाज बोल्ने राजनीतिक शक्ति छ भन्ने महसुस गरायो ।

साथै, सत्तारुढ पार्टी स्वयंलाई समेत गहिरो विभाजन सृजना गर्ने, लोकतान्त्रिक अंगमाथि खेलाँची गर्ने र सत्ताको चरम दुरुपयोग गर्ने अभ्यास सच्याउन सचेत गरायो । त्यति मात्र होइन, भारतीय संविधानले सुनिश्चित गरेका धर्मनिरपेक्षता, अभिव्यक्ति स्वतन्त्रता जस्ता मुद्दाहरू विरुद्ध सत्तारुढ भारतीय जनता पार्टीले अगाडि बढाएको नीति र अभ्यासको विरोध समेत यो अभियानको क्रममा मुखरित हुनसक्यो ।

कतिपय अवस्थामा प्रतिपक्षले राजनीतिक सुधार वा क्रान्तिका लागि आन्दोलनको नेतृत्व गर्न सक्छ । उदाहरणका लागि, अफ्रिकी राष्ट्रिय कंग्रेसले दक्षिण अफ्रिकामा रङ्गभेद विरोधी सङ्घर्षमा मुख्य भूमिका खेलेको थियो, जसले अन्ततः रङ्गभेदी शासन पतन भयो । प्रतिपक्षले परिवर्तनको माग गर्न जनतालाई उत्प्रेरित र परिचालन गर्न सक्छ । जनताको आवाज र आकांक्षाको माध्यमको रूपमा काम गर्न सक्छ ।

समग्रमा, लोकतन्त्रमा प्रतिपक्षी दलले लोकतन्त्रको प्रवर्धन, सरकारलाई चुनौती दिन र नागरिकको हक र हितको रक्षा गर्न बहुआयामिक भूमिका खेल्छ । नियन्त्रण र सन्तुलन प्रदान गरेर, नवप्रवर्तन र प्रगतिको प्रवर्धन गरेर, राजनीतिक विभाजनलाई कम गरेर र राजनीतिक परिवर्तनको लागि उत्प्रेरकको रूपमा कार्य गरेर प्रतिपक्षले लोकतन्त्रलाई जीवन्त, उत्तरदायी र जनताप्रति जवाफदेही बनाइराख्न मद्दत गर्छ ।

*विपक्षी दलहरूले राजनीतिक परिवर्तनको लागि उत्प्रेरकको रूपमा काम गर्न सक्छन् । कतिपय समाज र समुदायमा सत्तारुढ दलले गहिरो विभाजन सृजना गर्‍यो भने त्यसलाई कम गर्दै सच्याउन भूमिका खेल्न सक्छन् । भारतीय कंग्रेसले हालसालै गरेको 'भारत जोडो' यात्रा यसको एउटा बलियो उदाहरण हो ।*

**संभावित जोखिम**

लोकतन्त्र र निरंकुशताको निरन्तर लुकामारीले नेपाली लोकतन्त्रको विकास राम्रोसँग हुन पाएको छैन । २००७ सालमै आएको प्रजातन्त्रको विकास अहिलेसम्म राम्रोसँग भएको छैन भन्नुपर्ने दुःखद स्थिति एकातिर छ भने अर्कोतिर नेपालका धेरै लोकतान्त्रिक संस्था राम्ररी विकास हुन नपाउँदै दलीयकरण र भागबन्डाको चपेटामा परेका छन् । फलतः नेपालमा प्रतिपक्ष हुने कुरालाई इतर आवाज उठाउने समूहभन्दा पनि भागबन्डामा च्याँखे थाप्ने दलको रूपमा विकास भएका छन् ।

गणतन्त्रपछिको अवधिमा मात्रै हेर्ने हो भने पनि कुनै पनि राजनीतिक शक्तिले आफूलाई प्रतिपक्षीको रूपमा अब्बल साबित गर्नुभन्दा पनि सके सत्तापक्षबीच अराजनीतिक सङ्कटहरू उत्पन्न गराउँदै आफ्ना निहित लक्ष्य पूरा गर्न केन्द्रित देखिन्छन् ।

प्रमुख प्रतिपक्ष बनेर त्यसको राजनैतिक या नैतिक हिसाबले सत्तापक्षका गलत कामको भण्डाफोर गर्नेभन्दा पनि केही नियुक्तिहरूमा भागबन्डा लिनेमा मात्र सीमित हुनु लोकतन्त्रको लागि दुःखद खबर हो । यस्तो अभ्यासले नेपालमा दीर्घकालसम्म लोकतन्त्रलाई हानि पुर्‍याउने बाहेक अन्य केही काम गर्न सक्दैन ।

नेपालमा केवल मिडियाले मात्र बलियो प्रतिपक्षको धर्म निभाउनुपर्ने अवस्था सिर्जना भएको छ । यदि भारतको जस्तो मिडिया अभ्यास हुन्थ्यो भने नेपालको लोकतन्त्रको मर्म धेरै पहिले नै मरिसकेको हुन्थ्यो । यद्यपि मिडियाका पनि आफ्नै सीमा हुन्छन् र उसले राजनीतिक दलको प्रतिपक्षको जस्तो भूमिका निभाइरहन सक्दैन ।

लोकतन्त्रमा प्रतिपक्षी हुनु निरीह शक्ति हुनु होइन, सत्तापक्ष जत्तिकै महत्वपूर्ण भूमिका निर्वाह गर्नु हो । नेपालमा हरेक दलहरूले आफूलाई प्रतिपक्ष प्राप्त गर्दा लोकतन्त्रको पहरेदारीको निम्ति महत्वपूर्ण ठाउँमा छु भन्ने भावना विकास गर्न सक्नुपर्छ । अन्यथा, दलहरूको एकलव्य दृष्टि सत्तामा मात्रै हुने हो भने हाम्रो लोकतन्त्र थप कमजोर हुन्छ ।

# महेन्द्रनारायण निधिको विराट व्यक्तित्व नियाल्दा

चन्द्रमणि गौतम

नेपाली कांग्रेस निष्ठा, आदर्श र मूल्यमान्यतापूर्ण लोकतान्त्रिक संस्कारको पर्याय थियो । त्यस कालखण्डसम्म यसका संस्थापक तथा क्रान्तिकारी नेताहरू परिवर्तनकारी इतिहासका स्रष्टा तथा संवाहकमात्र नभई जनताको भरोसाका प्रतीक थिए भने पार्टी जनआस्थाको संस्था थियो । नैतिक उत्कृष्टता तथा सिद्धान्तप्रति निष्ठावान् नेतृत्वकै कारण नेपाली कांग्रेसलाई इतिहासले उच्चसम्मान दिएको हो ।

यही पार्टी २००७ सालदेखि आजसम्म युगान्तकारी परिवर्तनको धरातल बनिरहेकै छ र हरेक परिवर्तनका कदमले पदार्पण गर्ने पहिलो थलो कांग्रेस नै हुँदैआएको छ । कांगेस पार्टी त आज पनि छ र यसप्रति जनताको माया ह्रासोन्मुख भए पनि व्यापक नै छ । तर, आजको नेतृत्व भने तुलनायोग्य रहेन ।

बीपी कोइराला, गणेशमान सिंह, सुवर्ण शम्शेर, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्यायजस्ता दर्जनौं नेता छन् जसको रगत र सुखको बलिदानले कांग्रेस हुर्कियो र जनतामा जरा गाड्न सफल भयो । कांग्रेसलाई बाँचेका नेताहरूले मरणासन्न बनाए पनि मरेर गएका राजनेताहरूले बचाइरहेका छन् ।

देश र जनताको चिन्ता बोकेका, आफ्नो चिन्ता पन्छ्याएका नेताहरूले जुम्ल्याहा रूपमा कांग्रेस पार्टी स्थापना गरे पनि राष्ट्रको आवश्यकतालाई बुझेर दुवै पार्टीलाई एकीकृत शक्तिको रूपमा स्थापित गरे । यिनै राजनेताका समकालीन तथा समकक्षी राजनेता हुन् मधेसबाट उठेका अहिंसावादी तथा गान्धीवादी राजनेता महेन्द्रनारायण निधि जसले अरूलाई उपदेश दिएर होइन स्वयं उदाहरण बनेर हरेक लोकतन्त्रवादी मनमा विराजमान भए ।

महेन्द्रनारायण निधि नेपाली कांग्रेसको असाधारण विरासत र धरोहरको नाम हो जसलाई मान्नभन्दा जान्न जरुरी छ । म यहाँ अरू प्रसंग छोडेर अहिंसा, लोकतन्त्र, त्याग र आदर्शका प्रतीक राजनेता महेन्द्रनारायण निधिको बारेमा केन्द्रित हुन चाहन्छु ।

विसं २००३ सालबाट राजनीतिमा लाग्नुभएका निधिजी २००४ सालमा राणाशासनको सक्रिय विरोध गर्दा गिरफ्तार भएपछि राजबन्दीका रूपमा जेलचलान हुनुभयो र २००६ सालमा रिहा हुनुभयो । विसं २०२९ सालमा राजालाई कालो झन्डा देखाउँदा होस् वा २०४२ सालमा पार्टीले गरेको देशव्यापी सत्याग्रहमा भाग लिंदा उहाँ हरेक पटकका आन्दोलनमा गिरफ्तार भएर जेल जानुहुन्थ्यो । स्पष्टवक्ता, इमानदार, मूल्यमान्यतामा आधारित सादगीपूर्ण राजनीति र अठोटमा अद्भूत अडान राजनेता निधिजीको परिचय र विशेषता थिए ।

निधिजीको जन्म विसं. १९७८ साल फागुन १३ गते जनकपुरमा भएको थियो । त्यसकारण फागुन १३ गते उहाँको जन्मजयन्ती र यो वर्ष १०१ औं जन्मजयन्ती । मधेसमा जन्मिएर सिङ्गो नेपाल र नेपालीको सम्मान कमाउन सफल राजनेता महेन्द्रनारायण निधिलाई श्रद्धाका साथ सम्झिइन्छ । दुई वर्षअघि २०७७ सालमा उहाँको जन्मदिवसको अवसरमा राजधानी काठमाडौंले उहाँकै नाममा एक अस्पताल पायो । त्यसै दिन सो अस्पताल परिसरमा उहाँको शालिक अनावरण पनि भयो । तराई मधेसबाट उठेका कुनै राजनेतामध्ये उहाँको उक्त शालिक राजधानी वा पहाडतिर स्थापित आजसम्मकै पहिलो शालिक हो ।

महात्मा गान्धीका दर्शन, विचार र आचरणका निष्ठावान समर्थकमात्र होइन स्व. नेता निधि कांग्रेसको स्थापनाकालदेखि नै पार्टीका लक्ष्यमा गान्धीवादी संस्कारका साथ दृढनिश्चयी भएर क्रियाशील रहनुभयो । त्यसो त, उहाँका पिता राजेश्वर निधि पनि गान्धीवादी विचारधाराबाट ओतप्रोत हुनुहुँदो रहेछ ।

विहारमा रहँदा समाजवादी नेता डा. राममनोहर लोहियासँग भेट भएको र उनकै हुटहुटीले युवावयी निधि राजनीतिमा सक्रिय हुनुभयो । डा. लोहियाको प्रेरणालाई निधिजीले आजीवन बिर्सनुभएन । सत्य र अहिंसाको जगमा राष्ट्रको पुनर्निर्माण गर्नुपर्छ र त्यो पुनर्निर्माण आत्मनिर्भर गाउँको रूपमा त्यहाँबाट प्रारम्भ गर्नुपर्छ भन्ने गान्धी विचारबाट ओतप्रोत देखिन्थ्यो निधिजीको बुझाइ पनि ।

उहाँ सिद्धान्त र मान्यतालाई व्यवहारमा लागु गर्नुपर्ने, उपदेश दिनेभन्दा उदाहरण बनेर देखिनुपर्ने पक्षमा जोड दिनुहुन्थ्यो । मधेसी भूमि मूख्यरूपमा पहाडी समुदायको बिर्ता, मौजा, कामत र जीवनको मूख्य स्रोत रहेको थियो भने गुठीको रूपमा छुट्याइएको जग्गा पनि त्यति नै थियो । विसं २००९ सालमा निधिजी राजनीतिमा सक्रिय हुनथाल्दा मधेसका जग्गाहरू बकस बिर्ता, कुश बिर्ता, दाइजो बिर्ता, फिकदार बिर्ता, रकमबेगर बिर्ता, गुठी बेगर बिर्ता, खरिदी बेगर बिर्ता, तिरुवा बेगर बिर्ता, पोता बेगर बिर्ता, राज्य बेगर बिर्ता, भरौटे बेगर बिर्ताजस्ता अनगिन्ती किसिमका बिर्ताको रूपमा २१ लाख ३९ हजार बिघा जग्गा ओगटिएको थियो । त्यसैगरी अस्पताल, मन्दिर, विद्यालय, धर्मशाला आदिको नाममा गुठीको रूपमा राखिएको जग्गा ६६ हजार बिघा थियो । यसैले जमिनमा धर्तीपुत्रहरूमाथि नै अन्याय भएको ठहरका आधारमा नेपाली कांग्रेसले बिर्ता उन्मूलनको क्रान्तिकारी कदम चलाएको हो ।

बिर्ता उन्मूलनभन्दा अगाडि निधिजीको नेतृत्वमा अरूको जग्गामा खेती गर्ने भूमिहीन किसानले जोतेको खेतमा आधा उपज पाउनुपर्छ भन्ने 'खडेबटैया' आन्दोलन चलाइयो । उहाँले त्यस्तो आन्दोलनको सुरुआत आफ्नै खेतीबाट गर्नुभयो । सरकारले उहाँलाई २०२५ सालमा राजनीतिक पीडितको रूपमा निर्वाहको लागि जग्गा दिने इच्छा गरेको थियो तर उहाँले आफू राजनीतिक पीडित होइन राजनीतिक योद्धा भएको हुनाले त्यस्तो जग्गा नलिने घोषणा गर्नुभयो ।

निधिजीको व्यक्तित्वमा बहुआयामिक छवि छ । राजनीतिमा उहाँ नेपाली कांग्रेसको लोकतन्त्रवादी र क्रान्तिकारी नेता हुनुहुन्थ्यो । शिक्षाको क्षेत्रमा उहाँ शिक्षासेवीको रूपमा सुपरिचित हुनुहुन्थ्यो । उहाँको सक्रियतामा २००४ र २००९ सालमा जनकपुरस्थित सरस्वती हाइस्कुल, यदुकोहास्थित हाइस्कुलजस्ता चारवटा हाइस्कुल (माध्यमिक विद्यालय) स्थापना भए । विसं २०२८ सालमा नयाँ शिक्षा लागु गर्दा निधिजीले स्वभावगत निर्भीकताका साथ नयाँ शिक्षानीतिको खुलेर विरोध गर्नुभयो । उहाँले मातृभाषामा शिक्षाको ग्यारेन्टी गर्न माग गर्नुभएको थियो ।

२०३३ सालमा उहाँले गान्धी स्मारक गुठी स्थापना गर्नुभयो । राजनीतिमा सक्रिय रहँदा पनि पनि निधिजी कृषि गतिविधिमा सक्रिय रहनुहुन्थ्यो । सिँचाइको लागि पैनी, कुलो, नहर बनाउन सरिक रहनुहुन्थ्यो । जीवनसन्ध्यामा पुगेपछि निधनपर्यन्त बृहत्तर जनकपुर विकास आयोजनाको अध्यक्ष हुनुभयो ।

विसं २००७ सालको जनक्रान्तिमा उहाँ महोत्तरीको मोर्चामा हुनुहुन्थ्यो र महोत्तरी कब्जा गरेपछि जनसरकारको स्थापना गर्नुभयो । विसं २०१५ सालमा उहाँ नेपाली कांग्रेसका उम्मेदवार भई प्रतिद्वन्द्वी तराई कांग्रेसका ठकाइ साहुको भन्दा तीनगुणा बढी मत पाएर प्रतिनिधि सभाको सदस्य हुनुभयो । त्यसबेला निर्वाचित भएर आएपछि उहाँ संसदीय समितिका सचिव भएर केही समय काम गर्नुभयो । उहाँलाई प्रतिनिधि सभाको उपसभामुख बनाउने निर्णयमा पुग्नुअघि नेपाली कांग्रेसले योगेन्द्रमान शेरचनलाई बनाउने कुरा पनि चलेको थियो । शेरचनजीले उपसभामुखमा जान अस्वीकार गरेपछि निधिजी उपसभामुख हुनुभएको हो ।

विसं २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्र मास्ने कदम चलाएपछि निधिजी निर्वासनमा भारत जानुभयो । त्यही बेला पार्टीको पटना सम्मेलनमा उहाँ पनि सहभागी हुनुभयो । विसं २०४६ सालमा जनआन्दोलन सुरू हुनुअघि 'जनजागरण अभियान' का सिलसिलामै उहाँ पहिले नजरबन्द र पछि जेलचलान हुनुभयो र पञ्चायतको समाप्तिको पूर्वसन्ध्यामा रिहा हुनुभयो । विसं २०४७ सालको एघार सदस्यीय अन्तरिम मन्त्रिपरिषद्मा उहाँ जलस्रोत तथा स्थानीय विकासमन्त्री हुनुभयो । झापाको कलबलगुडीमा २०४८ साल फागुनमा भएको आठौं महाधिवेशनपछि पार्टीको महामन्त्री हुनुभयो ।

**निधिजीको फरक मत**

निधिजी आफ्नो ब्रह्म र विवेकले देखेको सत्य एक्लै भए पनि बोल्न नहिच्किचाउने नेता हुनुहुन्थ्यो । यसरी बोल्नेगर्दा कहिलेकहीँ उहाँ एक्लो बृहस्पति बन्नुहुन्थ्यो । देखेको सत्यको पक्षमा बोल्दा आफ्नो पक्षमा कति समर्थक छन् भन्नेमा उहाँ पर्वाह गर्नुहुन्नथ्यो ।

नेपाली कांग्रेसको पटना आकस्मिक सम्मेलनले २०१८ सालमा पञ्चायती शासनविरुद्ध 'सशस्त्र कारबाही' गर्ने निर्णय लियो । तर, अहिंसावादी निधिजीले हिंसात्मक गतिविधिको विरोध गर्नुभयो । त्यसपछि पटनाबाट नेपाल फर्केर गिरफ्तारी दिनुभयो र करिब तीनवर्ष बन्दी बनाएपछि २०२० सालमा रिहा गरियो । एउटा पत्रिकामा पञ्चायतविरोधी लेख लेखेर प्रकाशित गरेको कारणले २०२३ सालमा उहाँ फेरि गिरफ्तार हुनुभयो । सक्रिय राजनीतिक जीवनमा निधिजी १२ पटक गिरफ्तार र जेल चलान हुनुभयो । बीपी कोइराला र गणेशमान सिंह नेतृत्वको कांग्रेसले २०२५ सालपछि सशस्त्र कारबाही जारी राख्दा त्यसको पनि उहाँले विरोध गर्नुभयो ।

विसं २०४७ सालको ११ सदस्यीय अन्तरिम मन्त्रिपरिषद्मा निधिजी जलस्रोत मन्त्री हुनुहुन्थ्यो । कोसीको पानी बाँडफाँटको विषयमा तत्कालीन भारतीय प्रधानमन्त्री चन्द्रशेखरसँग निधिजीले राष्ट्रिय हितको पक्षमा देखाएको अडानले चन्द्रशेखरलाई चकित बनाएछ । उनले प्रधानमन्त्री किसुनजीलाई यो कुरा बताएका छन् ।

विसं २०४८ सालको पहिलो आमनिर्वाचनपछि निधिजी सक्रिय राजनीतिबाट क्रमशः सन्यास लिने पक्षमा देखिनुहुन्थ्यो । प्रजातन्त्र पुनःस्थापना पछि सत्ताबाट आफ्ना लालसा र स्वार्थ पूरा गर्ने क्षुद्र राजनीतिक सोच लिनुभएन । कलबलगुडी (झापा) मा सम्पन्न नेपाली कांग्रेसको आठौं महाधिवेशनबाट निर्विरोध सभापति निर्वाचित हुनुभएका कृष्णप्रसाद भट्टराई (किसुनजी) ले निधिजीलाई महामन्त्री बनाएर थप जिम्मेवारी सुम्पिनुभयो । निधिजीले एकदिन परिहास शैलीमा भन्नुभयो, 'मैले त अब विश्राम लिन चाहेको छु भनेको किसुनजीले थप जिम्मेवारी लिन्छु भनेको सुन्नुभएछ । महामन्त्रीको भारी भिडाइदिनुभयो ।' मैले सुरूमा निधिजीले २०२१ सालमा जनकपुरमा पञ्चायतको कार्यक्रममा बोल्दा व्यक्त गर्नुभएको विचारको अंशबाट सुरू गरें । तर, त्यो विराट व्यक्तित्वलाई मेरो छोटो आलेखले निश्चय नै साङ्गोपाङ्ग रूपमा समेटेको छैन ।

विसं २०७८ पुस २९ गते शुक्रबार मधेस प्रदेश सरकारले महेन्द्रनारायण निधि विपन्न आवास योजनाअन्तर्गत दलितलाई मात्रै नभई गरिब, विपन्न, असहाय, एकल महिलालगायतका जुनसुकै समुदायको व्यक्तिलाई ५ लाखको लगानीमा दुई कोठे भवन, भान्सा कोठा र शौचालयसहितको घर निर्माण गरिदिने निर्णय गरेको छ । यस योजनाअन्तर्गत प्रत्येक वर्ष प्रदेश सभामा ६४ वटै निर्वाचन क्षेत्रमा १० वटाका दरले वार्षिक ६ सय ४० वटा घर निर्माण प्रदेश सरकारले गरिदिने निर्णय भएको छ । महेन्द्रनारायण निधि विपन्न आवास योजनाको संयोजकमा भौतिक पूर्वाधारमन्त्री रहनेछन् भने प्रदेशका ८ वटै जिल्लामा जिल्ला संयोजकमा प्रदेश सांसद नै तोकिने प्रावधान छ । निधिजीको निधन ७९ वर्षको उमेरमा जनकपुरको मिल्स एरियामा हृदयाघात भई २०५६ बैशाख २० गते (४ मई, १९९९) दिउँसो भयो । त्यो विराट व्यक्तित्वलाई जन्मजयन्तीको अवसरमा यिनै शब्दावलीका साथ भावपूर्ण श्रद्धासुमन !

# एक सय ८१ जनाको निशुल्क दुर्घटना बीमा

**पोष्ट संवाददाता**

बैतडी । रोजगारीका लागि भारतमा रहेका कामदारहरुको निशुल्क दुर्घटना बीमा गर्दै आएको पाटन नगरपालिकाले आज पाटन ८मा निशुल्क दुर्घटना बीमा गरेको छ ।

वडाबाट रोजगारीका लागि भारतमा रहेका १ सय ८१ जना कामदारहरुको ५ लाख बराबरको निशुल्क दुर्घटना बीमा गरिएको वडा अध्यक्ष हरिश बिष्टले बताए । नगरपालिकाले भारतमा काम गर्ने नगरबासीको निशुल्क दुर्घटना बीमा गर्ने कार्यक्रम ल्याएकाले सोही अनुसारका वडामा पनि बीमा गरिएको वडा अध्यक्ष बिष्टले बताए ।

भारतमा काम गर्ने कामदारहरुको बीमा नभएका कारण उनीहरुले जोखिममा परेका बेला समेत सहयोग नपाउने भएकाले नगर सरकारका तर्फबाट बीमा गर्न थालिएको बिष्टले बताए । उनले भने 'हामीले कार्यपालिकाबाट कार्यविधि पास गरिसकेका छौं । सोही अनुसार प्रत्येक वडामा भारतमा काम लागि गएकाहरुको बीमा गरिरहेका छौं ।'

बीमाको किस्ता बापतको रकम रुडेस बैतडी र पाटन नगरपालिकाले व्यहोर्दै आएको छ । सूर्याज्योति लाइफ इन्स्योरेन्स कम्पनीसंग मिलेर बीमा गर्न थालिएको छ । यसअघि वडा नं ६ मा समेत बीमा गरिएको थियो । नगरपालिकाका १० ओटै वडामा भारतमा काम गर्न गएका कामदारहरुको तथ्यांक संकलन गरिएको र उनीहरुको बीमा गर्ने कार्य भइरहेको बताइएको छ ।

# पुरैनी तालमा घट्दै जलपंक्षी

**पोष्ट संवाददाता**

कञ्चनपुर । चराको स्वर्ग भनेर चिनिने कञ्चनपुरको बेलौरी नगरपालिका-६ भुराकोटमा रहेको पुरैनी तालमा जलपक्षीको सङ्ख्या घट्दै जान थालेको छ । चिसोयाममा बसाइँ सारेर आउने जलपक्षीले भरिभराउ हुने तालमा यस वर्ष थोरैमात्रै जलपंक्षी आएका छन् । ताल र त्यसको वरिपरिको क्षेत्र मानव अतिक्रमणको चपेटामा परेपछि तालमा चराका प्रजाति घट्दै गएका हुन् । पहिला ३२ बिघा क्षेत्रफल भएको ताल खुम्चिँदै गएर २८ बिघामा सीमित भएको छ ।

चरा तालमा लामबद्ध भएर पौडिँदै, डुबुल्की मार्दै गरेको र ताल वरिपरि उड्दै गरेको दृश्यले आन्तरिक पर्यटकलाई लोभ्याउँदै आएको छ । 'चिसो मौसम सुरु हुनै लाग्दा पहिला पहाड छिचोल्दै ठूलाठूला हाँस प्रजातिका चरा तालमा आइपुग्थे,' स्थानीय बासिन्दा खड्कबहादुर चन्दले भने, 'गर्मी सुरु हुन थालेपछि मात्रै फर्कन्थे, पहिलेको जस्तो जलपक्षी आउने क्रमम केही वर्ष कम हुँदै गएको छ ।'

'तालभरि कमल फुलेर मनमोहक हुन्थ्यो, त्यसमा चरा रमाउँदै गरेको दृश्यकले यहाँ पुग्ने जो कोही पनि मन्त्रमुग्ध हुन्थे,' उनले भने, 'तालमा हुने कमल हरायो, चरा पनि हराउँदै गएका छन् ।' अहिले पनि तालमा एक किलोसम्मका माछा पाइने गरेका छन् । तालमा भएका माछा र चरालाई निकटवर्ती क्षेत्रका भारतीयले आएर मार्ने गरेको लक्ष्मण खत्रीले बताए । 'लुकिछिपी आएर चरा मार्छन्, विषादीको प्रयोग गर्छन्,' उनले भने, 'माछा पनि मारेर लैजान्छन् ।'

ताल संरक्षणमा कुनै पनि निकायले चासो नदिँदा ताल खुम्चिँदै जान थालेकोप्रति उनले चिन्ता व्यक्त गरे । तालमा ४८ प्रजातिका जलपक्षी पाइने गरेका छन् भने रैथाने जातका १० बढी प्रजाति पाइने गरेका छन् । मङ्सिर र पुस महिनामा चराको चाप ताल क्षेत्रमा अधिक हुन्छ भने, गर्मी बढ्दै जाँदा चराका प्रजाति पुरानै क्षेत्रमा फर्कने भएकाले घट्छन् ।

हाल तालमा जलपक्षीको सङ्ख्या घटेर २० देखि ३० हाराहारीमा मात्रै देखा पर्ने गरेको स्थानीयको भनाइ छ । चराको बासस्थानमा खलल पुगेपछि जलपक्षीको सङ्ख्या घट्दै गएको नेपाल पक्षी संरक्षण सङ्घका चरा विज्ञ हिरुलाल डगौराले बताए ।

'शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सिकारी ताल पछि जलपक्षीका धेरै प्रजाति पाइने पुरैनी हो,' उनले भने, 'चराको बासस्थान व्यवस्थापन, ताल प्रतिवर्ष मासिँदै जान थालेकाले यसको सिमाङ्कनको काम गर्नुपर्छ, निकुञ्ज बाहिर रहेको ताल भएकाले स्थानीय तहले विशेष चासो दिनुपर्छ, यो सबैको सम्पदा हो, संरक्षण गरिनुपर्छ ।' गत वर्ष बेलौरी नगरपालिकाले ताल क्षेत्रको केही भागलाई पोखरी बनाई आयस्तरमा वृद्धि गर्नका लागि सिद्देश्वर सहकारी संस्थालाई प्रधानमन्त्री आधुनिकीरण कृषि परियोजनाअन्तर्गत रु दुई लाख ३१ हजार छ सय ५० अनुदान रकम उपलब्ध गराई तीन वटा पोखरी निर्माण गरी माछापालन गरिएको थियो । जसबाट सहकारीले रु दुई लाख एक हजार पाँच सय २० रकम आम्दानी गरेको थियो ।

स्थानीयले तालमा माछापालनको काम गरेपछि विरोध गरेपछि यस वर्ष भने माछापालनको काम गरिएको छैन । 'नगरपालिकाले ताल संरक्षण र माछापालनको जिम्मा दिएपछि गत वर्ष चरा संरक्षण गर्नका लागि एक जना व्यक्तिलाई खटाएको थियौं,' उनले भने, 'यस वर्ष माछापालनको काम गरिएको छैन ।' 'पहिला धेरै चरा तालमा आउथे,' उनले भने, 'जलवायुको असर हुन सक्छ, त्यसैले चरा कम आएका हुन सक्छन्, चराको आहाराको कमी हुन सक्छ ।'

तालको अर्को समस्या भने जलकुम्भीको रहेको छ । ताल पुरै जलकुम्भीले भरिँदै गएको छ । तालको पानी स्थानीयले खेतमा सिँचाइ गर्नका लागि प्रयोगमा समेत ल्याउने गरेका छन् ।स्थानीय थारु भाषामा कमललाई पुरैना भन्ने गरिएका त्यसै आधारमा तालको नाम पुरैनी राखिएको स्थानीय बासिन्दाको भनाइ छ । नगरपालिकाका नगर उपप्रमुख कुलवीर चौधरीले तालको जैविक विविधता नष्ट हुन नदिनका लागि कार्यक्रम सञ्चालन गर्न लागिएको बताए ।

'संरक्षणको कामलाई गम्भीरतापूर्वक लिएका छौं,' उनले भने, 'माछा मार्न पूर्णरुपमा निषेध गरेका छौं, खेतीयोग्य जमिन सिमसार भयो भन्ने स्थानीयको गुनासो छ, त्यस कुरालाई पनि सम्बोधन गर्छौं ।' ताल र सीमसार क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकसित गर्ने योजना रहेको उनले बताए ।

# आगलागीका कारण घाइते भएकालाई काठमाण्डौं लगियो

**पोष्ट संवाददाता**

धनगढी । अछाममा बिहीबार भएको आगलागीमा परेर घाइते दुई जनाको हेलिकोप्टरबाट उद्दार गरिएको छ ।

आगलागीबाट गम्भिर घाइते दुबै जनाको सुर्खेतमा उपचार हुन नसकेपछि हेलिकोप्टर मार्फत काठमाण्डौं लगिएको हो ।

आगलागीमा जिल्लाको पञ्चदेवल बिनायक नगरपालिका-८ कोसेडीका २१ वर्षीय हिमराज रोका मगर र १९ वर्षीय पिरम रोकामगर गम्भीर घाइते भएका थिए । उनीहरुलाई शनिबार नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा पुगाइएको छ ।

# सरकारबाट बाहिरियो राप्रपा, मन्त्रीले बुझाए राजिनामा

**पोष्ट संवाददाता**

धनगढी । राप्रपाका मन्त्रीहरुले प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाएका छन् । प्रधानमन्त्रीसमक्ष राप्रपाको तर्फबाट सरकारमा सहभागी उपप्रधान तथा उर्जा, जलस्रोत तथा सिचाइमन्त्री राजेन्द्र लिङ्देन, सहरी विकासमन्त्री विक्रम पाण्डे, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधान र उर्जा, जलस्रोत तथा सिचाइ राज्यमन्त्री दीपकबहादुर सिंहले राजीनामा पत्र बुझाएका हुन् ।

शनिबारनै बसेको राप्रपाको कार्यसम्पादन र संसदीय दलको संयुक्त बैठकले सरकारबाट बाहिरिने निर्णय गरेको थियो । यस्तै राप्रपाले सरकारलाई दिएको विश्वासको मत पनि फिर्ता लिने भएको छ ।

# हिमालको चिसोमा त्रिपालमुनि बास

**पोष्ट संवाददाता**

बाजुरा । बाजुराका भूकम्पपीडित पालमुनि रात काट्न बाध्य भएका छन् । भूकम्प गएको एक महिना बितिसक्दा पनि के खाने, कसरी बाँच्ने भन्ने चिन्ता छ । माघ १० गतेको भूकम्पले घर भत्किँदा खाद्यान्न, भाँडाकुँडा, लत्ताकपडा सबै पुरिएपछि बाजुरा हिमाली गाउँपालिका २, ३, ४, ५ र ६ का अधिकांश स्थानीयहरू पालमुनि रात काट्न बाध्य छन् ।

त्यहाँका स्थानीय वासीलाई उसै त के खाने, कसरी बाँच्ने भन्ने सधैंको चिन्ता छ । उसैमाथि भूकम्पले घर भत्किएपछि घरमा रहेको अन्न लत्ताकपडा सबै पुरिएपछि अरूको सहारामा बाँच्नु परेको छ । भूकम्पको क्षतिबारे हिमाली गाउँपालिकाले सबै वडाको तथ्याङ्क सङ्कलन गरिएको जनाएको छ । हिमाली गाउँपालिकाको वडा नं। १ देखि ७ सम्मका नौवटा घर पूर्ण रूपमा क्षति भएको र २८ घर चिराचिरा परेको हिमाली गाउँपालिकाले जनाएको छ ।

हिमाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजबहादुर भण्डारीले फागुन १० गते गएको भूकम्पका कारण हिमाली गाउँपालिकामा भएको क्षतिको सबै प्रतिवेदन आएको र गाउँपालिकाले भूकम्पबाट प्रभावित भएकाका ती घरपरिवारका लागि खाद्यान्न तथा त्रिपालको समेत व्यवस्थापनका लागि प्रक्रिया अघि बढाइएको बताए । बाजुरामा माघ १० गते गएको भूकम्पले एक जना महिलाको ज्यान गएको थियो भने ३७ वटा भेडा मरेका थिए । ६ सय १३ घरमा पूर्ण र आंशिक क्षति भएको थियो ।

## पौडेल र नेम्बाङले...

बालुवाटारमा बस्दै आएका नेम्बाङ कानुनका प्राध्यापकसमेत थिए । प्रध्यापन, कानुन व्यवसाय र राजनीतिलाई एकसाथ अघि बढाएका उनी कुनै बेला प्राध्यापक संघमा पनि सक्रिय थिए । नेपाल बार एसोसिएसनको महासचिव पनि भए ।

रामचन्द्र पौडेल र सुवास नेम्बाङ संसदीय राजनीतिमा सँगसँगै छन् । दुवैले २०४७ पछिका आम निर्वाचनमा भाग लिँदै आएका छन् । रामचन्द्र पौडेल २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७९ सालको चुनावमा तनहुँबाट निर्वाचित भए भने ०७४ सालमा पराजित भएका थिए ।

सुवास नेम्बाङ २०४८ देखि २०५२ सालसम्म राष्ट्रिय सभा सदस्य थिए । २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा इलामबाट निर्वाचित भए । ०५६ सालमा प्रतिनिधिसभा सदस्यको चुनाव जिते पछि उनले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको सभापतिको जिम्मेवारी निर्वाह गरे । संसदीय गतिविधिलाई खुला गर्नुपर्छ भन्दै उनले लेखा समितिमा पत्रकारहरुलाई रिपोर्टिङका लागि खुला गरेका थिए ।

दुवै नेताले राजनीतिक जीवन सुरुवात गर्दा मुलुक प्रजातन्त्रका लागि संघर्षरत थियो । रामचन्द्र पौडेल २०१५ सालदेखि नेपाली कांग्रेसमा आवद्ध भएका हुन् । त्यसबेला मुलुक प्रजातन्त्रलाई संस्थागत गर्ने कसरतमा थियो । २००७ सालमा प्राप्त प्रजातन्त्रलाई संस्थागत गर्न २०१५ सालमा आम चुनाव भएको थियो । तर, २०१७ सालमा जननिर्वाचित संसदलाई भंग गरेर तत्कालीन राजा महेन्द्रले शासनसत्ता हातमा लिएर पञ्चायती व्यवस्था सुरु गरे ।

प्रजातन्त्रलाई संस्थगत गर्न खोज्दा खोज्दै खोसिएको राजनीतिक अवस्थाबाट राजनीतिक जीवन सुरुवात गरेका रामचन्द्र पौडेलले प्रजातन्त्र पुनर्प्राप्तीका लागि जीवनभर संघर्ष गरे ।

राष्ट्रपतिको उम्मेदवार भएपछि उनले पत्रकारहरुसित भनेका छन्, 'प्रजातन्त्रका लागि ७० वर्ष लड्नुपर्‍यो । ७० वर्षसम्म लडेर ल्याएको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रले नेपाली जनतामा जुन अभुतपूर्व अधिकार प्रदान गरेको छ । त्यसको रक्षा गर्नको निम्ति आएको छु ।'

फेरि पनि प्रजातन्त्रलाई खोस्ने र व्यवस्थामाथि खेलवाड गर्ने स्वार्थी प्रयासबाट सबै नेपाली सजग हुनुपर्ने पौडेल बताउँछन् । उनको प्रतिवद्धता छ, 'संविधानको भावना र मर्म अंगाल्दै संघीय लोकतान्त्रक गणतन्त्र र समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै संविधानको रक्षकको हैसियतले राष्ट्रपति भएर जिम्मेवारी पूरा गर्ने प्रयास रहनेछु ।' २०२५ सालमा बीपी कोइराला सुन्दरीजल जेलबाट रिहा भएपछि रामचन्द्र पौडेललाई भेट्न सेन्टर जेल गएका थिए । त्यहाँ नै बीपीसँग पौडेलको पहिलो भेट भएको थियो । त्यस बखतमा बीपीले पौडेलसँगै रहेका कम्युनिस्ट नेताहरु मनमोहन अधिकारी तथा शम्भुराम श्रेष्ठलाई पनि भेटेका थिए ।

अर्थात, पञ्चायती शासन व्यवस्थाका विरुद्ध कांग्रेसले कम्युनिस्टसँग समेत सहकार्यको हात बढाउँदै गर्दा सुवास नेम्बाङ पनि राजनीतिमा होमिएका हुन् । स्नातक अध्ययनका क्रममा २०२८ सालबाट राजनीतिमा होमिएका हुन् सुवास नेम्बाङ । पञ्चायती व्यवस्थाका विरुद्ध आफूलाई उभ्याएका कारण २०३३ सालमा नेम्बाङ राजकाज मुद्दामा केन्द्रीय कारागारमा थुनामा परे । थुनामा रहँदा कम्युनिस्ट पार्टी कोअर्डिनेनेशन केन्द्रमा संगठित भएका थिए नेम्बाङ । ०४८ देखि लगातार सांसद छन् । रामचन्द्र पौडेल पनि प्रजातन्त्रका लागि आवाज उठाउँदा पटक पटक जेल परे । पहिलो पटक २०१८ को भरतपुर काण्डको विरोधमा उत्रदा गिरफ्तार भई जेल परे ।

२०३४ सालमै कांग्रेसको केन्द्रीय सदस्य भएका उनी राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्मको अवधिमा पटक पटक गरी १४ वर्ष जेलमा बन्दी जीवन बिताए ।

'रामचन्द्रका १४ वर्ष वनबास' भनेर राजनीतिमा चर्चित पनि छ । २०४७ पछिका आमनिर्वाचनमा ६ पटक प्रतिनिधि सभा सदस्य निर्वाचित भएका पौडेल सभामुखका अलावा पटक-पटक मन्त्री भएका छन् । स्थानीय विकास, कृषि तथा सहकारी, गृह, सञ्चार, जलस्रोत, शिक्षा र शान्ति पुनः निर्माण मन्त्रालयको जिम्मेवारी सम्हालेका पौडेल पटक पटक उपप्रधानमन्त्री पनि भए ।

पौडेलका प्रजातान्त्रिक समाजवाद, आस्थाको यात्रा, कृषि क्रान्ति र समाजवाद, राजनीतिको मार्ग, नेपाली कांग्रेस रूपान्तरणको मार्गलगायत दर्जन पुस्तक र विभिन्न विषयमा नेपाल पत्रपत्रिका र अनलाइन सञ्चार माध्यममा समसायियक लेख प्रकाशित छन् ।

आ-आफ्नो पार्टीमा रामचन्द्र पौडेल र सुवास नेम्बाङको समान परिचय छ - मध्यमार्गी नेता ।

कांग्रेसभित्र सधैं मध्यमार्गी नेताका रुपमा परिचित पौडेल तत्कालीन अवस्थामा द्वन्द्वरत नेकपा माओवादीलाई मूल प्रवाहको राजनीतिमा ल्याउने क्रममा वार्ता र सहमतिका काममा अग्रणी मध्यमार्गी भूमिका खेलेका थिए । १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौताका मस्यौदाकार सहमति र सहकार्यका पक्षपाती पनि हुन् ।

गत ४ मंसिरको आम निर्वाचनपछि नेपाली कांग्रेस र माओवादी मिलेर सरकार बनाउनुपर्छ भन्दै आएका पौडेलले एमाले र माओवादीबीच प्रधानमन्त्री आधा आधा कार्यकाल र राष्ट्रपति एमालेले पूरै कार्यकाल लिने गरी २०७९ पुस १० गते सहमति भएपछि 'प्रचण्डबाट कांग्रेसलाई नभई, कांग्रेसले प्रचण्डलाई धोका दिएको' भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

त्यही दिनदेखि बिथोलालिएको चुनाव अगाडिको गठबन्धन ब्यूँताउँदै पौडेल आफैं राष्ट्रपतिका उम्मेदवार बनेका छन् ।

सुवास नेम्बाङ पनि एमालेका मध्यमार्गी नेता हुन् । खासगरी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विवादमा नेम्बाङले मध्यमार्गी भूमिका खेलेका थिए । नेम्बाङले अहिले पनि कम्युनिस्ट पार्टीहरु विभाजित हुन नहुने मत राख्छन् । नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नै नेकपा एकता भंग गरिदिएपछि एमाले र माओवादी केन्द्र ब्यूँतिए । त्यसपछि एमालेमा भएको विवादमा पनि नेम्बाङले मध्यमार्गमा रहेर अग्रणी भूमिका खेले ।

परिणाममा घनश्याम भूसाल, भीम रावल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, योगेश भट्टराई, रघुजी पन्त लगायतका नेताहरु एमाले फुटेर नेकपा एकीकृत समाजवादी बन्दा एमालेकै रहेको भनी एमालेमा उनको प्रशंसा हुने गर्दछ । तर, यसबीचमा घनश्याम भूसाल भने एकीकृत समाजवादी प्रवेश गरिसकेका छन् ।

विगतको नेकपा ब्यूँताउनुपर्ने प्रयास र मागमा सकारात्मक रहँदै आएका नेम्बाङले आफूलाई राष्ट्रपतिको उम्मेदवार बनाउने भए केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड मिल्नुपर्ने मत राख्दै आएका थिए । यस विषयमा एमाले अध्यक्ष ओलीले समयमै निर्णय दिएनन् ।

माओवादी केन्द्र राष्ट्रपतिमा कांग्रेसको उम्मेदवारलाई समर्थन गर्ने निर्णयमा पुगेपछि एमालेबाट नेम्बाङले राष्ट्रपति पदका लागि उम्मेदवारी दिएका हुन् ।

## व्यवसायीले बैंक तथा....

भएको छलफलपछि उद्योगी व्यवसायीले यही १४ गते प्रचारप्रसार, सुचना प्रकाशन तथा पत्रकार सम्मेलन गर्ने, १५ गते हरेक दिन विहान ११ बजेसम्मका लागि बजार बन्द गर्ने, विरोध र्‍याली निकाल्ने, प्रत्येक बैंक, राष्ट्र बैंकदेखि प्रशासनसम्म कोण सभा गर्ने निर्णय गरिएको छ ।


उद्योगी व्यवसायीहरुले १८ गते भने कुनै पनि बैंक तथा वित्तीय संस्थामा 'नो डिपोजिट' अर्थात निक्षेप जम्मा नगर्ने निर्णय समेत गरेका छन् । त्यस्तै २० गते सुदूरपश्चिमका सबै उद्योग वाणिज्य संघहरुले संघर्ष समिति गठन गर्ने र यसको जानकारी प्रदेश महासंघलाई गराउने निर्णय समेत भएको छ । साथै फागुनभित्र माग पुरा नभए थप छलफल गरेर सशक्त आन्दोलन गर्ने समेत निजी क्षेत्रले चेतावनी दिएको छ ।

## क्यान इन्फोटेकको ...

कस्ता साईट हेर्ने गरेका छन् भनेर कसरी पत्ता लगाउन भन्ने बारेमा पनि मेलामा जानकारी गराइने छ, ती साईट कसरी हटाउने भन्ने बारेमा पनि जानकारी गराइने छ, त्यसैले इन्फोटेक २०२३ सबै नागरिकका लागि महत्वपुर्ण हुने छ ।'

पहिलो इन्फोटेक भएकको सात बर्षपछि क्यान कैलालीले दोश्रो संस्करणको आयोजना गर्न लागेको हो । क्यान कैलालीले २०७२ मा पहिलो पटक क्यान इन्फोटेक आयोजना गरेको थियो । दोश्रो इन्फोटेकको तयारी गरे पनि कोभिडका कारण सफल हुन सकेका थिएन ।

## २०७९ यस्तो छ तपाईको राशिफल फागुन १४


(मेष) चु,चे, चो, ला, लि, लु, ले,

परिस्थितिले अप्ठ्यारोमा पार्न सक्छ। स्वास्थ्य कमजोर रहनाले काममा जुट्न नसकिएला । सचेत रहनु पर्नेबेला छ ।


(बृष) इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

समस्या दोहोरिन सक्छन् । परिस्थितिले अलि अप्ठ्यारो मोडमा पुर्याउन सक्छ । चिताएको काममा बाधा पुग्नेछ ।


(मिथुन) का, कि, कु, घ, ङ, छ, के, को, ह

अप्रिय समाचारले निराश तुल्याउन सक्छ। पढाइलेखाइमा समय दिन नसकिएला। ब्यापारमा समेत फाइदा नउठ्ने देखिन्छ।


(कर्कट) हि, हु, हे, हो, डा, डि, डु, डे, डो

अधिकारका लागि जुट्नुपरे पनि टाढाको यात्रा गर्ने प्रक्रिया अघि बढ्ला। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।


(सिंह) मा, मि, मु, मे, मो, टा, टि, टु, टे

आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । अरूको समेत जिम्मेवारी वहन गर्नुपर्दा थकित भइनेछ।


(कन्या) टो, प, पी, पू, ष, ण, ठ, पे, पो

विशेष योजना स्थगित हुन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । स्वास्थ्यका लागि खानपानमा ध्यान पुर्याउनु होला।


(तुला) रा, री, रु, रे, रो, ता, ती, तु, ते

सामान्य आम्दानी भइरहनेछ । अनियन्त्रित खर्चले मन पिरोल्न सक्छ । पहिलेको सम्झौताले अप्ठ्यारोमा पार्न सक्छ ।


(वृश्चिक) तो, ना, नि, नू, ने, नो, या, यि, यू

प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । प्रयत्न गर्दा रोकिएका काम बन्न सक्छन्।


(धनु) य, यो, भा, भी, भू, ध, फा, ढ, भे

नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ।


(मकर) भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी

दौडधुपमै समय बित्नेछ । लेनदेनको विवादले अप्ठ्यारो पार्न सक्छ । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।


(कुम्भ) गु, गे, गो, सा, सी, सु, से, सो, द

वातावरण रमाइलो रहे पनि परिस्थितिले निराश तुल्याउन सक्छ । केही अप्ठ्यारा परिस्थितिको सामना गर्नुपर्ला ।


(मीन) दी, दू, थ, झ, ञ, दे, दो, च, ची

अरूले आँट्न नसकेको काम आ^ना लागि लाभदायक बन्न सक्छ। अस्वस्थताले काममा ढिलासुस्ती हुनेछ।

खुशीको खबर ! खुशीको खबर !!

*"सीप सिकौं आत्मनिर्भर बनौं ।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# वेष्टर्न क्रिष्टको एकेडेमीको १३ औं वार्षिक उत्सव सम्पन्न

**पोष्ट संवाददाता**

धनगढी । धनगढी-३ स्थित वेष्टर्न क्रिष्टल एकेडेमीको १३ औं वार्षिक उत्सव तथा अभिभावक दिवस कार्यक्रम विविध कार्यक्रम गर्दै समापन भएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारका पूर्व मन्त्री दीर्घ सोडारीको प्रमुख आथित्यतामा १३ औं वार्षिक उत्सव तथा अभिभावक दिवस मनाएको हो । प्रमुख अतिथी रहेका सोडारीले सुदूरपश्चिमलाई आवश्यक पर्ने प्राबिधिक जनशक्ति उत्पान गर्न नीजि शैक्षिक संस्थाको अहम भुमिका हुने बताए ।

सरकारी विद्यालयमा निजीको तुलानामा धैरै सेवा सुविधा रहेको भएपनि शिक्षामा सोचे अनुसारको परिणाम आउन नसकेको बताउँदै उनले सरकारीको तुलनामा नीजि शैक्षिक संस्थाले शिक्षा क्षेत्रमा राम्रो काम गरेको बताए ।

'नीजि शैक्षिक संस्थाले धरै मेहनत गरेका छन्,' सोडारीले भने, 'जस्का कारण शिक्षाको परिणाम पनि राम्रो आएको छ ।'

सोडारीले प्रदेशको शैक्षिक विकासका लागि शिक्षा नीति राम्रो हुनु आवश्यक रहेको बताए ।

फरक प्रसंगमा बोल्दै नेता सोडारीले सुदूरपश्चिम प्रदेशमा कमल शाह नेतृत्वपमा बनेको सरकारले विश्वासको मत पाउने दावि गरे । अघिल्लो सरकार ५ बर्ष नै चलेको भन्दै मन्त्री सोडारीले यस पटक सुरुवातमा समस्या रहेपनि अव भने सरकार स्थिर हुने बताए ।

कार्यक्रममा विद्यालयकी प्रिन्सिपल उर्मिला कुँवरले विद्यालयको वार्षिक प्रतिवेदन समेत प्रस्तुत गरेकी थिइन् ।

२०६६ सालमा ३५ विद्यार्थीबाट सुरु गरेको विद्यालयले हाल हजारौं विद्यार्थी प्राप्त गरेको उनले बताइन् । विद्यालयले संस्कारयुक्त विद्यार्थी, गुणस्तरीय शिक्षामा जोड दिँदै आएको उनको भनाई छ । विद्यालयले राज्यले निर्धारण गरेको भन्दा पनि बढी छात्रवृत्ति प्रदान गरिरहेको विद्यालयको दाबी छ ।


यस्तै सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयले सरसफाइ वृक्षारोपण रक्तदान जस्ता क्रियाकलाप गरिरहेको जनाएको छ । वार्षिक उत्सवका अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो । यस्तै विभिन्न विद्यार्थीलाई विभिन्न खेल तर्फका पुरस्कार समेत वितरण गरिएको थियो ।

बार्षिकोत्सव कार्यक्रममा बोल्दै पञ्चोदय माविका पुर्व प्रधानाध्यापक यादव जोशीले बालबालिकाको उज्वल भविश्य निर्माणका लागि विद्यालय संगै अभिभावक पनि जिम्मेवार हुनुपर्ने बताए ।

स्कुलमा शुल्क बझाएकैछु, अव बालबालिकाको भविश्य स्कुलले सुधारिदेला भन्ने मानसिकता हटाएर घरमा पनि बालबालिकाको ख्याल गर्न सकेमात्रै उनिहरुको भविश्य उज्वल हुने उनले बताए ।

कार्यक्रममा प्याब्सनका केन्द्रिय उपाध्यक्ष जगबिर थापा, प्याब्सन कैलालीका अध्यक्ष टोपेन्द्र शाह लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# हिलवर्ल्डको १८औं बार्षिकोत्सव सम्पन्न



१८औं बार्षिकोत्सव कार्यक्रममा सहभागी प्रदेश प्रमुख लगायत अतिथिहरु

**पोष्ट संवाददाता**

धनगढी । धनगढी स्थित हिलवर्ल्ड बोर्डिङ स्कुलको १८औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न भएइको छ ।

सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशीको प्रमुख आतिथ्यमा विविध कार्यक्रम गरिएको हो । प्रमुख अतिथी रहेका प्रदेश प्रमुख जोशीले गुणस्तरीय तथा प्राविधिक शिक्षामा सबैले जोड दिनुपर्ने बताए । उनले देश विकासको आधारनै गुणस्तरिय शिक्षा रहेको बताए । 'अहिलेको आवश्यकता प्राविधिक शिक्षा हो' प्रदेश प्रमुख जोशीले भने, 'यसका लागि समय सुहाउदो शिक्षा विद्यालयहरुले लागु गर्दै विद्यार्थी र अभिभावकको आर्कषण बढाउनमा जोड दिनुपर्छ ।'

उनले सामुदायिक विद्यालयसंगै नीजि विद्यालयहरु पनि शिक्षा क्षेत्रमा क्रान्ति गरिरहेको बताए । उनले भने - 'अझै पनि प्रदेशका दुर्गम क्षेत्रमा गुणस्तरिय शिक्षाका दिन सक्ने विद्यालय नहुँदा धेरै खर्च गरि अन्यत्र जानुपर्ने बाँध्यता रहेको छ ।'

विद्यालयका अध्यक्ष भोजबहादुर बमको अध्यक्षतामा भएको कार्यक्रममा नाष्ट कलेजका उपेन्द्र बम, प्यावसन कैलालीका अध्यक्ष तोपेन्द्र शाह, पञ्चोदय माविका पूर्व अध्यक्ष यादव जोशी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । विद्यालयकी शिक्षिका जयालक्ष्मी जोशीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

## विभिन्न व्यक्ति सम्मानित

हिलवर्ल्डको वार्षिकोत्सवको अवसरमा विभिन्न व्यक्ति सम्मानित भएका छन् । सम्मानति हुनेमा पत्रकार पुष्पराज जोशी हिलवर्ल्डका अध्यक्ष तथा गौरिगंगा उपप्रमुखमा निर्वाचित भोजबहादुर बम र विद्यालयकै निवर्तमान शिक्षक रही हाल बझाङको दुर्गाथली गाउँपालिका-४ को वडा अध्यक्षमा निर्वाचित शिवराज जोशी रहेका छन् । यस्तै विद्यालयमै अध्यापन गरेर डाक्टर, प्रशासक, नायव सुब्बा बनेका विभिन्न व्यक्तिहरुलाई पनि सम्मानित गरिएको थियो । उनीहरुलाई प्रदेश प्रमुख देवराज जोशीले दोसल्ला ओढाएर तथा प्रमाणपत्र वितरण गरेर सम्मान गरे ।

यस्तै खेल, नृत्व तथा अन्य अतिरिक्त क्रियाकलापमा उत्कृष्ठ भएका खेलाडीलाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा विद्यार्थीले कला प्रस्तुत समेत गरेका थिए ।

पत्रिका मागेर होईन किनेर बढौं ।

# पौडेल र नेम्बाङले दिए राष्ट्रपतिमा उम्मेदवारी

**पोष्ट संवाददाता**

धनगढी । आगामी फागुन २५ गते हुने राष्ट्रपतिको निर्वाचनका लागि नेपाली कांग्रेसका बरिष्ट नेता रामचन्द्र पौडेल र एमाले उपाध्यक्ष शुवास नेम्बाङले उम्मेदवारी मनोनयन गराएका छन् ।

पौडेलले नेपाली कांग्रेस, नेकपा माओबादी केन्द्र, जसपा, लोसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी राष्ट्रिय जनमोर्चा लगायत ८ दलका तर्फबाट साझा उम्मेदवारी दिएका हुन् ।संघीय संसद भवन नयाँ बानेश्वरस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उनले उम्मेदवारी दिएका हुन् ।

उनको प्रस्तावकमा कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोक राई र जनमत पार्टीका नेता अब्दुल खाँ रहेका छन् ।

त्यस्तै समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डे रहेका छन् ।



रामचन्द्र पौडेल



शुवास नेम्बाङ

त्यसैगरी नेकपा एमालेका उपाध्यक्ष शुवास नेम्बाङले भने एमालेको मात्रै समर्थनमा राष्ट्रपतिमा उम्मेदवारी दिएका छन् ।

नेम्वाङको मनोनयनको प्रस्तावकमा पार्टीका अध्यक्ष एवं संसदीय दलका नेता केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट र छविलाल विश्कर्मा रहेका छन् । समर्थकमा एमालेकै नेताहरु योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो, दिलकुमारी थापा (रावल) र अमनकुमार मास्के रहेका छन् ।

**दुई पूर्वसभामुखको प्रतिस्पर्धा**

माघ २५ गते हुने राष्ट्रपतिय निर्वाचनमा दुई पूर्व सभामुखबीच प्रतिस्पर्धा हुने भएको छ । नेपाली कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेबाट उपाध्यक्ष सुवासचन्द्र नेम्बाङले शनिबार राष्ट्रपति पदका लागि उम्मेदवारी दिएका छन्

राष्ट्रपतिका दुवै उम्मेदवार पूर्व सभामुख हुन् । रामचन्द्र पौडेल २०५१ साल पुस ३ गतेदेखि २०५५ साल चैत ९ गतेसम्म सभामुख थिए । सुवासचन्द्र नेम्वाङले २०६५ साउन १२ देखि २०६९ साल जेठ १४ गतेसम्म पहिलो कार्यकाल संसदको नेतृत्व गरेका थिए । २०७० फागुन ६ गतेदेखि २०७२ साल असोज २७ गतेसम्म दोस्रो कार्यकाल सभामुख भएर संसदको नेतृत्व गरेका थिए । दुबै संविधानसभामा पनि उनले संविधानसभा अध्यक्षको भूमिका निर्वाह गरे ।

कांग्रेस उम्मेदवार पौडेललाई सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रसहित ८ दलको साथ छ । उनी आवद्ध नेपाली कांग्रेसका साथै माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको साथ छ ।

एमाले उम्मेदवार नेम्वाङको समर्थनमा अरु कुनै पनि दल खुलेका छैनन् । एमाले नेताहरुले भने १० पुसमा भएको सहमतिअनुसार नै नेम्बाङलाई उम्मेदवार बनाएकाले त्यो बेला एक ठाउँमा भएका दलहरुको समर्थन पाउने विश्वास व्यक्त गरेका छन् ।

**दुवैको समानता - शालीनता**

राष्ट्रपतिका दुवै उम्मेदवार नेपाली राजनीतिमा लामो समयदेखि रहेका र खारिएका नेता हुन् । दुवै नेता संसदीय राजनीतिबारे दख्खल राख्ने नेता पनि हुन् । दुवै नेताको समानता शालीनता पनि हो । उमेरले रामचन्द्र पौडेल जेठा हुन् । २००१ असोज २९ गते तनहुँको मिर्लुङ, बाहुनपोखरामा मध्यमवर्गीय किसान परिवारमा जन्मिएका पौडेल हाल काठमाडौंको बोहोराटारमा बस्दै आएका छन् । उनी नेपाली साहित्य, शास्त्री (संस्कृत) मा स्नाताकोत्तर हुन् ।

सुवास नेम्बाङ २००९ साल फागुन २८ गते इलामको सुन्तलाबारीमा जन्मिएका हुन् । हाल काठमाडौंको (बाँकी ३ पेजमा)

निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल
उपलब्ध विशेषज्ञ सेवाहरु...

नवजात शिशु तथा बालरोग सेवा
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

हाडजोर्नी तथा नसा रोग सेवा
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

जनरल मेडिसिन (फिजिसियन) सेवा
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

जनरल तथा दुरबिन बाट अप्रेशन सेवा
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

स्त्री तथा प्रसुती रोग सेवा
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

भिडियो एक्स-रे सेवा
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

मानसिक तथा नशा रोग सेवा
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

मुख, अनुहार तथा बङ्गारा रोग सेवा
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

नाक, कान, घाँटी रोग सेवा
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टन्सिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

छाला, यौन रोग तथा सौन्दर्य सेवा
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

मृगौला तथा मुत्र रोग सेवा
मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

न्युरो तथा मस्तिस्क रोग सेवा
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।



सघन उपचार (ICU) सेवा | नवजात शिशु (NICU) सेवा | बाल सघन (PICU) सेवा | कृतिम स्वास प्रस्वास (Ventilator) | २४ सै घण्टा अप्रेशन सेवा | साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर, धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४ सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी